मदाने गाउँपालिका
Madane Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मदाने, पुर्कोटदह, गुल्मी
Madane-Purkotdaha, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

सूचना नं:- ०६

पत्र संख्या/ Letter No: ०७८/०७९
चलानी नं./Ref.No:

मिति:-२०७८/०६/०५

विषयः- विषय विज्ञमा नाम समावेश गर्न सूचित गरिएको सूचना ।

प्रस्तुत विषयमा यस मदाने गाउँपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरुमा रिक्त रहेका र हुने शिक्षक तथा विद्यालय कर्मचारीहरुको करार नियुक्ति गरी पदपूर्ति गर्नको लागि तथा लिखित,मौखिक र प्रयोगात्मक परीक्षा संचालनको निमित्त सम्बन्धित विषयका रोष्ट्रर शिक्षक (विषय विज्ञ) तयार गर्नु पर्ने भएकोले सोको प्रयोजनका लागि रोष्ट्रर शिक्षक (विषय विज्ञ) मा नाम समावेश गर्न चाहनेले तपसिल उल्लेखित योग्यता पुगेका कार्यरत शिक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले २०७८/०६/१५ गते भित्र यस कार्यालयमा रितपूर्वक निवेदन आह्वान गरिन्छ ।

तपसिलः-

१.बालविकास र विद्यालय सहयोगि कर्मचारीमा विषय विज्ञ हुनका लागि कम्तीमा प्राथमिक तहको स्थायी,राहत र अस्थायी शिक्षक भई कम्तीमा १ वर्ष भन्दा बढी सेवामा कार्यरत ,आइ. एड.वा सो सरह शैक्षिक योग्यता पुगेका शिक्षक ।

२.विद्यालय सहायक कर्मचारीमा विषय विज्ञ हुनका लागि कम्तीमा ३ वर्ष लेखापाल सम्बन्धी काम गरेको र लेखा,गणित वा अर्थशास्त्र विषयमा स्नातक तह उत्तीर्ण गरेको कर्मचारी वा विद्यालय तहमा लेखा,गणित वा अर्थशास्त्र विषयमा स्नातक गरी अध्यापन गराउने स्थायी,राहत,अस्थायी शिक्षक ।

३.आधारभूत तह कक्षा (१-५) विषय विज्ञका लागि कम्तीमा शिक्षा शास्त्र विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी विद्यालय तहमा कम्तीमा एक वर्ष अनुभव प्राप्त गरेको स्थायी,राहत र अस्थायी शिक्षक ।

४. आधारभूत तह कक्षा(६-८) विषय विज्ञका लागि सम्बन्धित विषयको शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी विद्यालय तहमा कम्तीमा एक वर्ष अनुभव प्राप्त गरेको स्थायी,राहत,अस्थायी शिक्षक ।

५.माध्यामिक तह कक्षा (९-१०) विषय विज्ञका लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी विद्यालय तहमा कम्तीमा एक वर्ष अनुभव प्राप्त गरेको स्थायी,राहत र अस्थायी शिक्षक ।

६.माध्यामिक तह कक्षा (११-१२) विषय विज्ञका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सोही तहमा अध्यापनरत शिक्षक ।

- समावेश गर्नुपर्ने कागजातहरु:- नेपाली नागरिताको प्रतिलिपी, सम्बन्धित शिक्षकको निवेदन,शैक्षिक योग्यताको प्रमाणपत्र,नियुक्ति पत्रको प्रतिलिपी, विद्यालयद्धारा सेवा प्रमाणित प्रतिलिपी समावेश गर्नुपर्ने छ ।
    - दरखास्त दस्तुर रकम रु: १०००।-
    - यस कार्यालयको कृर्षि विकास बैंक लि.पुर्कोट दह, गुल्मीमा रहेको खाता नं ०४२५४०१४९९७४८११४ मा बुझाउनु पर्ने छ ।

पूनश्चः यस अघि विषय विज्ञमा सूचिकृत भएका विज्ञहरुले पुन विज्ञमा दरखास्त दिनुनपर्ने तर विद्यालयमा निरन्तर रुपमा कार्यरत रहेको सेवाप्रमाणित प्रतिलिपि बुझाउनु पर्ने छ ।

रुद्रबहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत